# कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

पाथीभरा याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ

प्रदेश नं. १, नेपाल

# कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावना:** स्थानिय सरकारबाट संचालित कृषि विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी , दिगो तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, पाथीभरा याङवरक गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "**कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७**" रहेको छ।

(२) यो कार्यविधि पाथीभरा याङवरका गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**कृषि विकास**" भन्नाले तरकारी, फलफूल, खाद्यन्य, दलहन वाली, मसला वाली, नगदेवाली आदिको खेति विस्तार, उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरण भन्ने सम्झनु पर्दछ ।

(ख) "**कार्यक्रम**" भन्नाले गाउँपालिकाबाट सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धी कार्यक्रम सम्झनु पर्छ ।

(ग) "**अनुदान**" भन्नाले पाथीभरा याङवरक गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने नगद/जिन्सी(कृषि सामाग्री) सामान सहुलियत सम्झनु पर्छ ।

(घ) "**अनुदानग्राही**" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषि विकाससँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्छ ।

(ङ) "**कृषि व्यवसाय**" भन्नाले कृषि, तरकारी, फलफूल, दलहन वाली, मसला वाली, खाद्यजन्य लगायत कृषिजन्य उत्पादन गरि व्यवसायीकरण, बजारीकरण, मूल्य अभिवृद्धि एंव औद्योगिकीकरण गर्ने लाई समेत बुझिन्छ ।

(च) "**छनौट समिति**" भन्नाले दफा १० बमोजिमको छनौट समिति सम्झनु पर्छ।

३. **अनुदान उपलब्ध गराउन सक्ने:** गाउँपालिकाको बार्षिक वजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

४. **अनुदानको सूचना र अनुदानग्राहीको छनौट:** (१) अनुदान सम्बन्धी कार्यक्रम संचालन गर्दा वार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रूपमा अधिकतम कृषकहरुसम्म सूचनाको पहुँच पुग्ने गरी आवेदन मागको लागी कम्तीमा १५ दिनको सूचना प्रकाशन प्रसारण गर्नु पर्नेछ। उक्त आवेदन सम्बन्धी सूचनाको आव्हान प्रत्येक आर्थिक बर्षको भाद्र महिना भित्रमा गरिसक्नु पर्नेछ । तर आ.ब. २०७७/०७८ को हकमा पुष मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन छानबिन गरी छनौटका लागि सम्बन्धित कार्यालयले छनौट समितिमा पठाउनु पर्नेछ। छनौट समिति यस कार्यविधिले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार कार्यालय प्रमुखले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

५. **अनुदान रकमको सीमा:** कार्यक्रम अनुसार कुल रकमको पूर्ण वा पचासी प्रतिशत अनुदानको व्यवस्था हुनेछ ।

६. **अनुदान रकमको निर्धारण:** कार्यालयले छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ ।

७. **अनुदानग्राहीसँग सम्झौता गर्नु पर्ने:** (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ ।

८. **अनुदानको भुक्तानी बैङ्कमार्फत हुने:** अनुदानग्राहीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लगानी अनुपात बमोजिमको अनुदान रकम बैङ्कमार्फत हुनेछ ।

९. **असुल उपर गर्नु पर्ने:** कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

१०. **अनुदानग्राही छनौट समिति:** (१) अनुदानग्राहीको छनौट गर्न देहाय बमोजिमको छनौट समितिको गठन गरिनेछ:-

(क) गाउँपालिका अध्यक्ष -संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) आर्थीक विकास समिति संयोजक -सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ङ) कृषि विकास शाखा प्रमुख -सदस्य सचिव

(२) छनौट समितिले आवश्यकता अनुसार बढीमा दुई जना विज्ञ सदस्य समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

११. **ईष्टिमेट/ सम्झौता:** छनौट भएका अनुदानग्राहीको लागत ईष्टिमेट पाथीभरा याङवरक गाउँपालिकाको कृषि विकास शाखामा कार्यरत कृषि प्राविधिकले तयार गरि सम्झौता गर्नुपर्नेछ ।

१२. **अनुगमन तथा मूल्याङ्कन:** यस कार्यविधि बमोजिम संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गाउँपालिकाको अनुगमन समिति र कृषि विकास शाखा बाट हुनेछ।

१३. **दोहोरो सुविधा लिन नपाउने:** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ बर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

१४. **अनुदानग्राही जिम्मेवार हुने:** कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

१५. **अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्ने:** कुनै कारणवस प्रचलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवस छनौट समितिले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पुरा भुक्तानी नदिन सक्ने सम्मको कारबाही हुनेछ ।

➤ अनुदान प्राप्त गरी कार्यक्रम संचालन गर्ने कृषकले अनिवार्य वाली विमा गर्नुपर्नेछ । तर कृषि उपज प्रशोधन केन्द्र स्थापना सहयोग कार्यक्रम र बाली संरक्षण कार्यक्रममा लागु हुने छैन ।

➤ फलफूल तथा अन्य खेति गर्ने कृषकले खेति गर्ने बारीको माटो परिक्षण गर्नुपर्नेछ ।

१६. **कार्यविधि संशोधन तथा परिमार्जनः** पाथीभरा याङवरक गाउँपालिका कार्यपालिकाको वैठकले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

१७. **विविधः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

## अनुसूची-१

**कार्यक्रमहरु**

| क्र.सं. | कार्यक्रम |
|---|---|
| १ | फलफुल वगैंचा सुदृढिकरण कार्यक्रम |
| २ | व्यवसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रम |
| ३ | कृषि उपज प्रशोधन केन्द्र स्थापना सहयोग कार्यक्रम |
| ४ | कफी खेती कार्यक्रम |
| ५ | बाली संरक्षण कार्यक्रम |
| ६ | मसला वाली खेति कार्यक्रम |
| ७ | दलहन वाली खेति कार्यक्रम |

## १. कार्यक्रमको नामः फलफुल वगैंचा सुदृढिकरण कार्यक्रम

**उद्देश्यः**

१) व्यवसायिक स्तरमा स्थापना भएका पुराना फलफूल बगैंचाहरुमा प्राविधिक सेवा टेवा पुर्याई कृषकको प्राविधिक क्षमता अभिवृद्धिमा मद्दत पुर्याउने ।

२) व्यवस्थापनको कमीले गर्दा वर्षेनी ह्रास हुँदै गएका बगैंचाको व्यवस्थापकीय सुधार गरी उत्पादकत्व वृद्धि गर्ने ।

३) फलफूलको गुणस्तरमा सुधार ल्याई निर्यात प्रवर्द्धनमा सघाउ पुर्याउने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फार्म/कम्पनी वा संस्थाहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१) संस्था/समूह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

२) संस्था/समूह नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि

३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

४) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

५) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि

६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

**सहजीकरण सेवा तथा सुविधाः**

| क.सं. | कार्यक्रमको नाम | क्रियाकलापको विवरण | अनुदान |
|---|---|---|---|
| १ | तालिम कार्यक्रम | बगैंचा व्यवस्थापन तथा सुदृढिकरण स्थलगत एक दिने तालिम<br>• क्यानोपी व्यवस्थापन<br>• रोगकिरा व्यवस्थापन<br>• मलजल व्यवस्थापन तथा सिंचाई<br>• अन्य (अन्तरवाली) | □ कक्षा संचालन रु. छ शय<br>□ कार्यपत्र रु. आठ शय<br>□ खाजा रु. एक शय पचास (प्रति व्यक्ति प्रति दिन)<br>□ मसलन्द प्रति व्यक्ति रु. एक सय<br>□ विविध रु एक हजार पाच सय प्रति तालिम |
| २. | प्रदर्शन कार्यक्रम (न्यूनतम २ रोपनीमा) | क्यानोपी (काँट/छाँट) व्यवस्थापन प्रदर्शन<br>बोर्डो मिश्रण प्रयोग प्रदर्शन | शत प्रतिशत |
| ३. | पुरानो बगैंचा व्यवस्थापन कार्यक्रम | शुक्ष्मतत्व, मल, बोर्डो मिश्रण सामाग्री तथा विषादी वितरण | शत प्रतिशत |
| ४. | कृषि औजार उपकरण वितरण | सिकेचर, स्प्रेयर, भर्याङ्ग, फल टिप्ने सामाग्री आदि | शत प्रतिशत |
| ५. | सिचाई व्यवस्थापन | प्लाष्टिक पोखरी निर्माण, आधुनिक प्रविधिमा आधारित सिचाई( थोपा सिचाई), पाईप सिचाई, सिचाई कुलो निर्माण | लागत अनुमानको पचासि प्रतिशत |
| ६. | मुल्य अभिवृद्धि कार्यक्रम | फलफूल प्रशोधन, बजारीकरण आदि | शत प्रतिशत |
| ७. | विविध | प्राङ्गारीक मल प्रर्दशन, जैविक विषादी वितरण, अर्गानीक खेति प्रर्दशन आदि । | शत प्रतिशत |

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरु:**

१) व्यवसायिक स्तरमा स्थापना भएका पुराना फलफूल बगैँचाहरु भएको क्षेत्रमा यो कार्यक्रम संचालन गर्न सकिनेछ ।

२) कार्यक्रम संचालन गर्दा बगैँचाको क्षेत्रफल न्यूनतम दुई रोपनी हुनुपर्ने छ ।

३) प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजना अन्तर्गत सोही बालीमा सुपरजोन, जोन, ब्लक तथा पकेट विकास कार्यक्रम लागु भएका क्षेत्र छनौटमा समावेश गर्न पाईनेछैन ।

४) स्थलगतरुपमा पुराना बगैँचाको प्राविधिक निरिक्षण पश्चात कृषक/समूह/सहकारी/कृषि उद्यमी/फर्म/कम्पनी वा संस्थाहरुसँग पुराना फलफूल बगैँचाहरु सुदृढिकरणका लागि माग, आवश्यकता तथा प्राथमिकताको आधारमा माथि उल्लेखित क्रियाकलाप समावेश गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**मूल्याङ्कनका आधारहरु:** फलफूल बगैँचाहरु सुदृढिकरणका लागि माग, आवश्यकता तथा प्राथमिकताका आधारमा मूल्याङ्कन गरिने ।

## २. कार्यक्रमको नाम: व्यवसायिक फलफूल वगैचा स्थापना सहयोग कार्यक्रम

**उद्देश्य:**

१) गुणस्तरीय विरुवा र उन्नत प्रविधिको प्रयोगबाट मुख्य फलफूलवालीहरुको क्षेत्रफल विस्तार र वगैचा सुदृढिकरण द्वारा उत्पादन र उत्पाकत्वमा वृद्धि गर्ने ।

२) सम्भाव्य फलफूलमा आत्मनिर्भरता वढाई आयात प्रतिस्थापन गर्ने ।

३) विभिन्न फलफूलका नयाँ प्रविधि र उन्नत जातहरुको पहिचान गरी सम्भाव्यताको आधारमा विस्तार गर्ने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरु:**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फार्म/कम्पनी वा संस्थाहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

१) संस्था/समूह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिप

२) संस्था/समूह नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि

३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

४) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

५) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि

६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

**सहजीकरण सेवा तथा सुविधाः**

(१) व्यवसायिक फलफूल बगैचा स्थापना सहयोग कार्यक्रम अन्तर्गत नयाँ बगैंचा स्थापनाका लागि देहाय बमोजिमका क्रियाकलापहरुमा तोकिए अनुसार सेवा उपलब्ध हुनेछ ।

| क.सं. | कार्यक्रमको नाम | क्रियाकलापको विवरण | अनुदान |
|---|---|---|---|
| १ | तालिम कार्यक्रम | बगैंचा व्यवस्थापन तथा सुदृढिकरण स्थलगत एक दिने तालिम<br>• क्यानोपी व्यवस्थापन<br>• रोगकिरा व्यवस्थापन<br>• मलजल व्यवस्थापन तथा सिंचाई<br>• अन्य (अन्तरवाली) | □ कक्षा संचालन रु. छ शय<br>□ कार्यपत्र रु. आठ शय<br>□ खाजा रु. एक शय पचास (प्रति व्यक्ति प्रति दिन)<br>□ मसलन्द प्रति व्यक्ति रु. एक सय<br>□ विविध रु एक हजार पाच सय प्रति तालिम |
| २. | फलफूल बगैंचा क्षेत्र विस्तार | फलफूल विरुवा खरिद तथा वितरण | शत प्रतिशत |
| ३. | कृषि औजार उपकरण वितरण | सिकेचर, स्प्रेयर, भर्याङ्ग, फल टिप्ने सामाग्री आदि | शत प्रतिशत |
| ४. | सिचाई व्यवस्थापन | प्लाष्टिक पोखरी निर्माण, आधुनिक प्रविधिमा आधारित सिचाई( थोपा सिचाई), पाईप सिचाई, सिचाई कुलो निर्माण | लागत अनुमानको पचासि प्रतिशत |
| ५. | विविध | प्राङ्गारीक मल प्रर्दशन, जैविक विषादी वितरण, अर्गानीक खेति प्रर्दशन आदि । | शत प्रतिशत |

(२) पूर्ववत स्थापना भएका व्यवसायिक बगैंचाका लागि देहाय बमोजिमका क्रियाकलापमा तोकिए अनुसार सहजीकरण सेवा उपलब्ध हुनेछ ।

| क्र.सं. | कार्यक्रमको नाम | क्रियाकलापको विवरण | अनुदान |
|---|---|---|---|
| १ | तालिम कार्यक्रम | बगैंचा व्यवस्थापन तथा सुदृढिकरण स्थलगत एक दिने तालिम<br>• क्यानोपी व्यवस्थापन<br>• रोगकिरा व्यवस्थापन<br>• मलजल व्यवस्थापन तथा सिंचाई<br>• अन्य (अन्तरवाली) | □ कक्षा संचालन रु. छ शय<br>□ कार्यपत्र रु. आठ शय<br>□ खाजा रु. एक शय पचास (प्रति व्यक्ति प्रति दिन)<br>□ मसलन्द प्रति व्यक्ति रु. एक सय<br>□ विविध रु एक हजार पाच सय प्रति तालिम |
| २. | कृषि औजार उपकरण वितरण | सिकेचर, स्प्रेयर, भर्याङ्ग, फल टिप्ने सामाग्री आदि | शत प्रतिशत |
| ३. | सिचाई व्यवस्थापन | प्लाष्टिक पोखरी निर्माण, आधुनिक प्रविधिमा आधारित सिचाई( थोपा सिचाई), पाईप सिचाई, सिचाई कुलो निर्माण | लागत अनुमानको पचासि प्रतिशत |
| ४. | मुल्य अभिवृद्धि कार्यक्रम | फलफूल प्रशोधन, बजारीकरण आदि | शत प्रतिशत |
| ५. | उन्नत प्रविधि अवलम्वन | मल्चिङ्ग, थोपा सिँचाई आदि | शत प्रतिशत |
| ६. | विविध | प्राङ्गारीक मल प्रर्दशन, जैविक विषादी वितरण, अर्गानीक खेति प्रर्दशन आदि । | शत प्रतिशत |

**कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः**

(१) यस कार्यक्रमका लागि तपशिल बमोजिमको क्षेत्रमा व्यवसायिक फलफूल खेती भएको हुनुपर्ने छ ।

| क्र.सं. | वाली | न्यूनतम क्षेत्रफल |
|---|---|---|
| १ | सुन्तला, कागती, जुनार, नास्पाती, दाँते ओखर, एभोकाडो, किवी, आँप, लिची, कफी | तिन रोपनी |
| २ | स्याउ, आरु, आरुवखडा, केरा, स्ट्रवेरी, ड्रयागनफ्रुट, हलुवावेद | दुई रोपनी |

(२) यस कार्यक्रममा निर्दिष्ट बाली तथा क्षेत्रफलमा व्यवसायिक बगैंचा स्थापनाका अलवा सोही निर्दष्ट बालीहरुको स्थापित व्यवसायिक बगैंचामा उत्पादनशिल क्रियाकलाप तथा उन्नत प्रविधिहरु अवलम्वनका लागि प्रस्ताव पेश गर्न सकिनेछ ।

**मूल्याङ्कनका आधारहरु:**

| क्र.सं. | मूल्याङ्कनको आधार | मूल्याङ्कन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | क्षेत्र विस्तारको प्रस्ताव | पाँच रोपनी भन्दा कम | पाँच रोपनी देखि दश रोपनी भन्दा कम | दश रोपनी भन्दा बढि | |
| | **अङ्क भार** | ८ | १२ | २० | |
| २ | फलफूल खेति विषयमा प्राविधिक ज्ञान सीप, अनुभव | सामान्य तालिम प्राप्त गरेको | न्यूनतम दुई बर्षको अनुभव | दुई वर्ष भन्दा बढिको अनुभव | |
| | **अङ्क भार** | ८ | १२ | २० | |
| ३ | बजारिकरण योजना | सन्तोषजनक | मध्यम | उत्तम | |
| | **अङ्क भार** | ८ | १२ | २० | |
| ४ | भविष्यमा निरन्तरता सम्बन्धि योजना तथा दिगोपना | पेश नगरेको भए | मध्यम स्तरको योजना पेश गरेको | उत्तम स्तरको योजना पेश गरेको | |
| | **अङ्क भार** | ८ | १२ | २० | |
| ५ | भौगोलिक र वातावरणीय उपयुक्तता | सन्तोषकजनक | मध्यम | उत्तम | |
| | **अङ्क भार** | ८ | १२ | २० | |
| | **जम्मा** | ४० | ६० | १०० | |

## ३. कार्यक्रमको नामः कृषि उपज प्रशोधन केन्द्र स्थापना सहयोग कार्यक्रम

उद्देश्यः

क) निजी/कृषक समूह तथा सहकारी क्षेत्रमार्फत कृषि उपज प्रशोधन केन्द्र स्थापनाका लागि उत्पादित क्षेत्रमा नै आवश्यक भौतिक पुर्वाधारको विकास गर्ने र कृषकलाई सम्बन्धित बालि वस्तुको थप उत्पादनका लागि अभिप्रेरित गर्ने ।

ख) कृषकहरुले उत्पादन गरेको बाली वस्तु प्रशोधनका लागि कारखाना निर्माण गरि प्रशोधन लागत कम गर्ने, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्ने तथा कृषकलाई बढि आय प्राप्त गर्न सक्षम बनाउने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फार्म/कम्पनी वा संस्थाहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१) संस्था/समूह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिप

२) संस्था/समूह नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि

३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

४) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

५) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि

६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

७) कार्यक्रम प्रस्तावना ।

**प्रस्तावमा उल्लेख गर्नु पर्ने वुदाहरुः**

(क) प्रशोधन केन्द्रका लागि आवश्यक कृषि उपज कच्चा पदार्थ उत्पादन हुने र संकलन हुने वा गर्ने योजना र सो सम्भाव्यता सम्वन्धि विवरण ।

(ख) आगामी ५ वर्ष सम्मको वार्षिक कार्ययोजना ।

(ग) प्रशोधित वस्तु स्वदेशमा र विदेशमा कसरी विक्रि वितरण गर्ने वा हुने सो को खाका र सो सम्बन्धि आधार ।

**अनुदान प्रवाह विधिः**

(क) यस कार्यको लागि एउटा प्रशोधन केन्द्रलाई कुल लगानीको वढिमा ८५ प्रतिशत अनुदान दिईनेछ भने घटीमा १५ प्रतिशत लगानी सम्बन्धित उद्यमी/कृषक समूह/सहकारी/कम्पनि वा संस्थाले व्यहोर्नु पर्ने छ ।

(ख) आयोजना पूर्ण प्रस्तावना माग, छनौट र अनुदान रकमको वितरण प्रशोधन केन्द्र स्थापनाको पूर्व तयारी तथा प्रशोधन केन्द्र निर्माण, मेशिनरी उपकरण तथा अन्य आवश्यक सामाग्रि खरिद र जडानको कार्य १ आर्थिक वर्ष भित्र सम्पन्न गर्नुपर्ने छ ।

(ग) निर्माण तथा खरिद कार्य गरिसकेपछि सम्पन्न बिलको आधारमा रकम भुक्तानी गरिने छ ।

**मूल्याङ्कनका आधारहरुः**

(८) कफि खेति गर्न ईच्छुक कृषकहरुलाई कम्तिमा १० बोट कफिको विरुवा उपलब्ध गराउँने ।

**सहजीकरण सेवा तथा सुविधाः**

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | तालिम/गोष्ठी कार्यक्रम | कफी खेति पर्वधन /कफी बगैंचा व्यवस्थापन सम्बन्धि १/२ दिने स्थलगत तालिम/गोष्ठी | ▪ कक्षा सञ्चालन रु.छ शय<br>▪ कार्यपत्र रु.आठ शय<br>▪ खाजा रु. एक शय पचास(प्रति व्यक्ति प्रति दिन)<br>▪ मसलन्द प्रति व्यक्ति रु.एक शय<br>विविध रु.एक हजार पाँच सय प्रति तालिम/गोष्ठी । | |
| १ | कफी बगैंचा क्षेत्र विस्तार | श्रोत विरुवा खरिद तथा वितरण | श्रोत बिरुवा खरिदमा पुर्ण अनुदान दिईनेछ । | नेपाल सरकारले तोकेको श्रोत केन्द्रबाट विरुवा व्यवस्थापन गर्नु पर्ने। सो नभएमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम।<br>(छहारी व्यवस्थापन भैसकेको हुनु पर्नेछ) |
| २ | छहारी व्यवस्थापन | छहारी दिने विरुवा जस्तै एभोकाडो, मिकेडिमिया नट, रुखकटहर, मोरिङ्गा, इपिल इपिल, सिरिष आदि छिटो बढ्ने रुख १:६ अनुपातमा रोप्ने कार्य | श्रोत बिरुवा खरिदमा पचास प्रतिशत अनुदान दिईनेछ । | • विरुवा रोप्नु अगावै अर्थात पहिलो वर्षमा छहारी व्यवस्थापन कार्य गर्नु पर्नेछ।<br>• फलफुल र कफी खेती संगै लैजान प्रोत्साहन गरिनेछ। |

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| ३ | कफी नर्सरी स्थापना | • श्रोत विउ खरिद तथा वितरण<br>• पोलिब्याग, ग्रिन नेट आदि | • श्रोत वीउ खरिदमा पूर्ण अनुदान<br>• पोलिब्याग, ग्रिन नेट आदिमा पचासी प्रतिशत अनुदान दिईनेछ । | • कफी विरुवाको माग कति आउन सक्छ र लाभान्वित कृषक कति हुन सक्छ भनेर अग्रिम पहिचान गर्नु पर्नेछ।<br>• सम्बन्धित निकायबाट तोकिएको मूल्यमा वीउ खरिद गर्नु पर्नेछ । |
| ४ | कृषि औजार उपकरण खरिद तथा वितरण | खाडल खन्ने मेशिन, मिनिटिलर, घाँस काट्ने र गोड्ने मेशिन | प्रचलित बजार मूल्यमा पचासी प्रतिशत अनुदान दिईनेछ । | |
| ५ | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), पाईप, कुलो निर्माण,थोपा सिँचाई जडान | प्रचलित बजार मुल्यमा पचासी प्रतिशत अनुदान दिईनेछ । | |
| ६ | विविध | प्राङ्गारीक मल प्रर्दशन, जैविक विषादी वितरण, अर्गानीक खेति प्रर्दशन आदि । | पूर्ण अनुदान | |

## ५. कार्यक्रमको नामः बाली संरक्षण कार्यक्रम

**परिचय/पृष्ठभूमिः** बाली विरुवामा लाग्ने रोग, किरा आदिले प्रायः वर्षै पिच्छे बाली नालीमा आक्रमण गरेका हुन्छन् । कहिलेकाँही यसले प्रकोपकै रुप लिन पनि सक्दछ । यस्तो अवस्थामा रोगकिराको नियन्त्रणमा वाली संरक्षण सेवा उपलब्ध गराउँन आवश्यक छ ।

**कार्यक्रमको उद्देश्यः** गाउँपालिकामा आकस्मिक रोग किराको प्रकोपबाट हुने क्षति कम गर्न कृषकहरुलाई सहयोग पुर्याउनु ।

**कार्यक्रमको प्राविधिक पक्ष/संचालन प्रकृयाः**

- ✓ रोग किराको प्रकोप देखिनासाथ गाउँपालिकाको कृषि विकास शाखामा कृषक/कृषक समूह/कृषि उद्यमीले प्रकोपको विवरण सहित नियन्त्रणको लागि अनुरोध गर्नुपर्नेछ । यसरी अनुरोध गर्दा विषादी स्प्रेयर, डस्टर आदि आवश्यक परेमा सो को माग समेत गर्नुपर्नेछ ।
- ✓ गाउँपालिकाको कृषि विकास शाखाबाट स्थलगत रुपमा अवलोकन गरि रोगकिरा नियन्त्रणको लागि आवश्यक विषादी, स्प्रेयर, डस्टर आदि एग्रोभेटबाट सोझै खरिद गरि वितरण गर्नुपर्नेछ ।
- ✓ रोगकिरा नियन्त्रणको लागि आवश्यक विषादी, स्प्रेयर, डस्टर आदि पूर्ण अनुदानमा उपलब्ध गराउँनुपर्नेछ ।

## ६. कार्यक्रमको नामः मसला वाली खेति कार्यक्रम

**उद्देश्य:**

१) मसला वाली (अदुवा, वेसार, प्याज, लसुन) को क्षेत्रफल र उत्पादन वृद्दि गरी उद्यमशिलता र रोजगारी बढाउने ।

२) व्यवसायीक मसला वाली खेतिको विस्तारलाई प्रवर्द्धन गरि आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरु:**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फार्म/कम्पनी वा संस्थाहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

७) संस्था/समूह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

८) संस्था/समूह नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि

९) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

१०) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

११) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि

१२) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

**सहजीकरण सेवा तथा सुविधाः**

मसला वाली खेति कार्यक्रममा देहाय बमोजिमको सहनजीकरण सेवा तथा सुविधा उपलब्ध हुनेछ ।

| क.सं. | कार्यक्रमको नाम | क्रियाकलापको विवरण | अनुदान |
|---|---|---|---|
| १ | तालिम कार्यक्रम | मसला वाली खेति प्रविधि तथा बजारिकरण बारे स्थलगत एक/दुई दिने तालिम | □ कक्षा संचालन रु. छ शय |

| | | | |
|---|---|---|---|
| २. | | • मसला वाली खेति प्रविधि<br>• रोगकिरा व्यवस्थापन<br>• मलजल व्यवस्थापन तथा सिंचाई<br>• अन्य (अन्तरवाली) | □ कार्यपत्र रु. आठ शय<br>□ खाजा रु. एक शय पचास (प्रति व्यक्ति प्रति दिन)<br>□ मसलन्द प्रति व्यक्ति रु. एक सय<br>□ विविध रु एक हजार पाच सय प्रति तालिम |
| २. | मसला वालीको क्षेत्र विस्तार | मसला वालीको विउ खरिद तथा वितरण | शत प्रतिशत |
| ३. | कृषि औजार उपकरण वितरण | मिनिटिलर, स्प्रेयर तथा अन्य आवश्यक सामाग्री आदि | शत प्रतिशत |
| ४. | सिचाई व्यवस्थापन | प्लाष्टिक पोखरी निर्माण, पाईप सिचाई, सिचाई कुलो निर्माण | लागत अनुमानको पचासि प्रतिशत |
| ५. | मुल्य अभिवृद्धि कार्यक्रम | मसला वालीको प्रशोधन, बजारीकरण आदि | शत प्रतिशत |
| ६. | उन्नत प्रविधि अवलम्वन | मल्चिङ्ग, थोपा सिँचाई, आदि | शत प्रतिशत |
| ७. | विविध | प्राङ्गारीक मल प्रर्दशन, जैविक विषादी, अर्गानीक खेति प्रर्दशन आदि । | शत प्रतिशत |

## ७. कार्यक्रमको नामः दलहन वाली खेति कार्यक्रम

उद्देश्य:

३) दलहन वाली (मास, मुसुरो, भटमास, वोडी) को क्षेत्रफल र उत्पादन वृद्दि गरी उद्यमशिलता र रोजगारी बढाउने ।

४) व्यवसायीक दलहन वाली खेतिको विस्तारलाई प्रवर्द्धन गरि आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

**अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फार्म/कम्पनी वा संस्थाहरु

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१३) संस्था/समूह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिप

१४) संस्था/समूह नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि

१५) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

१६) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

१७) सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि

१८) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

**सहजीकरण सेवा तथा सुविधाः**

दलहन वाली खेति कार्यक्रममा देहाय बमोजिमको सहनजीकरण सेवा तथा सुविधा उपलब्ध हुनेछ ।

| क.सं. | कार्यक्रमको नाम | क्रियाकलापको विवरण | अनुदान |
|---|---|---|---|
| १ | तालिम कार्यक्रम | दलहन वाली खेति प्रविधि तथा बजारिकरण बारे स्थलगत एक/दुई दिने तालिम<br>• दलहन वाली खेति प्रविधि<br>• रोगकिरा व्यवस्थापन<br>• मलजल व्यवस्थापन तथा सिंचाई<br>• अन्य (अन्तरवाली) | □ कक्षा संचालन रु. छ शय<br>□ कार्यपत्र रु. आठ शय<br>□ खाजा रु. एक शय पचास (प्रति व्यक्ति प्रति दिन)<br>□ मसलन्द प्रति व्यक्ति रु. एक सय<br>□ विविध रु एक हजार पाच सय प्रति तालिम |
| २. | दलहन वालीको क्षेत्र विस्तार | दलहन वालीको विउ खरिद तथा वितरण | शत प्रतिशत |
| ३. | कृषि औजार उपकरण वितरण | मिनिटिलर, स्प्रेयर तथा अन्य आवश्यक सामाग्री आदि | शत प्रतिशत |
| ४. | सिचाई व्यवस्थापन | प्लाष्टिक पोखरी निर्माण, पाईप सिचाई, सिचाई कुलो निर्माण | लागत अनुमानको पचासि प्रतिशत |
| ५. | मुल्य अभिवृद्धि कार्यक्रम | दलहन वालीको प्रशोधन, बजारीकरण आदि | शत प्रतिशत |
| ७. | विविध | प्राङ्गारीक मल प्रर्दशन, अर्गानीक खेति प्रर्दशन, जैविक विषादी आदि । | शत प्रतिशत |